आज मिति २०८० साल बैशाख ०६ गते बुधबारका दिन निमित्त प्रमुख जिल्ला अधिकारी श्री अनोज कुमार घिमिरेको अध्यक्षतामा जिल्ला कोभिड व्यवस्थापन केन्द्र (DCMC) को बैठक बसी देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**<u>उपस्थितः</u>**

**जिल्ला कोभिड व्यवस्थापन केन्द्र (DCMC) का पदाधिकारीः**

| क्र.स. | नाम, थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री अनोज कुमार घिमिरे | निमित्त प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | |
| २. | श्री दिपक टण्डन क्षेत्री | प्रमुख सेनानी | नयाँ गोरख गण | |
| ३. | श्री होम बहादुर पराजुली | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय | |
| ४. | श्री मुरारी अधिकारी | स.प्र.ना.उ. | सशस्त्र प्रहरी बल नेपाल | |
| ५. | श्री निर्मल पौडेल | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| ६. | श्री कैलाश कोईराला | शाखा अधिकृत | जिल्ला समन्वय समिति | |
| ७. | डा. पवन के.सी. | मेडिकल अधिकृत | जिल्ला अस्पताल | |
| ८. | श्री जीतेन्द्र कुमार साह | कार्यालय प्रमुख | स्वास्थ्य कार्यालय | |

निर्णयहरु:

यस अघि विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण रोकथाम सम्बन्धी कार्य भईरहेको छ । हाल काठमाडौं उपत्यका लगायतका स्थानहरुमा नयाँ भेरिएन्टको संक्रमण दर बढ्दो क्रममा रहेको र यस जिल्लामा समेत कोभिड-१९ को संक्रमण देखिएकोले जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रणमा थप सर्तकता अपनाई नागरिकको जीवनको सुरक्षा गर्न गृह मन्त्रालयको च.नं. १५०२ मिति २०७९/१२/२२ गतेको पत्रका सम्बन्धमा समेत छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

देहाय

१. सार्वजनिक सवारी साधन तथा बढी भिडभाड हुने स्थानहरुमा मास्क तथा स्यानिटाईजको प्रयोग लगायत स्वास्थ्य प्रोटोकल पालना गर्न सबैमा अनुरोध गर्ने ।

२. स्वास्थ्य कार्यालयले सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सजकता अपनाउन व्यापक प्रचारप्रसार गर्ने ।

३. कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएका विरामीहरुको कोभिड परीक्षण गर्ने आवश्यक व्यवस्था स्वास्थ्य कार्यालय र जिल्ला अस्पताल रामेछापले गर्ने । साथै परीक्षणको दायरा बढाउन स्थानीय तहसँग अनुरोध गर्ने ।

४. स्वास्थ्य कार्यालय र स्थानीय तह वीचको समन्वयमा आइसोलेसन वेडहरुलाई दुरुस्त अवस्थामा राख्ने र त्यसको जानकारी DCMC लाई दिने ।

५. सबै स्थानीय तहले आवश्यक स्वास्थ्य प्रोटोकल पालना गर्न गराउन तथा संदेशमुलक प्रचार सामग्रीहरु तयार गरी प्रचारप्रसार गर्ने

६. बुस्टर डोज खोप लगाउन अवधी पुगेका ५५ बर्ष माथिका नागरिकहरुलाई यहि मिति २०८० बैशाख १३ र १४ गते संचालन हुने बुस्टर डोज खोप अभियानलाई सफल बनाउन सबै पक्षबाट आवश्यक समन्वय र सहयोग गर्ने ।

७. कोभिड-१९ को रोकथाम र नियन्त्रणका सचेतनामुलक कार्यक्रमहरु व्यापक रुपमा प्रचारप्रसार गर्न जिल्लास्थित सबै सञ्चार माध्यमहरुलाई अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप